# स्थानीय राजपत्र

घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ४) घ्याङलेख, पुस २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ४३

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ साल मापदण्ड नं. ७**

**घ्याङलेख गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७७**

**प्रस्तावना :** घ्याङलेख गाउँपालिकामा विभिन्न पदहरुमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड बनाउन वाञ्छनिय भएकोले घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा (४) बमोजिमको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको **नाम "घ्याङलेख गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७७"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) **"पदपूर्ति समिति" :** भन्नाले गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसार रिक्त पदमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँ कार्यापालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ ।

(ख) **"गाउँ कार्यपालिका"** : भन्नाले घ्याङलेख गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** : भन्नाले घ्याङलेख गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. परिक्षा सञ्चालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि व्यवस्था :** (१) लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

(क) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह) रू. ५००।- प्रति घण्टा

(ख) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरह) रू. ३००।- प्रति घण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह)- रू. २००।- प्रति घण्टा

(घ) कार्यालय सहयोगी रू. १००।- प्रति घण्टा

(ङ) सुरक्षाकर्मी रू. १००।- प्रति घण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक (राजपत्रांकित वा सो सरह) रू. १०००।- प्रति सिफ्ट

(ख) सदस्य (राजपत्रांकित वा सो सरह) रू. ८५०।- प्रति सिफ्ट

(ग) विषय विशेषज्ञ रू. ८५०।- प्रति सिफ्ट

(घ) सहयोगी कर्मचारी .ना.सु. वा खरिदार वा सो सरह) रु. ५००।- प्रति सिफ्ट

(ङ) कार्यालय सहयोगी रु. ३००।- प्रति सिफ्ट

(च) सुरक्षाकर्मी रु. ३००।- प्रति सिफ्ट

**स्पष्टिकरण** : "प्रति सिफ्ट" भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउने छ ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भंमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ।

**४. उम्मेदवारले लिखित परीक्षाको उत्तर पुस्तिका जाच गर्ने परिक्षकले प्राप्त गर्ने सुविधा :**

(१) उत्तर पुस्तिका जाचको लागि राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईने छ।

(२) उत्तर पुस्तिका जाच गर्ने परीक्षकले प्रति उत्तर पुस्तिका विषयगत भए रू. ५०।- र वस्तुगत भए रू. २५।- प्राप्त गर्नेछ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :**

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन्।

**६. यसै बमोजिम भएको मानिने :**

(१) यो मापदण्ड बन्नुपुर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ।

**प्रमाणीकरण मिति २०७८।०१।०७**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**



घ्याङलेख गाउँपालिका